# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १) जनकपुरधाम, असार २९ गते, २०७५ साल (अतिरिक्ताङ्क ७

## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

**प्रदेश नम्बर २ को आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

२०७५ सालको ऐन नं. ०५

<u>प्रस्तावना:</u> आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २०८ बमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस ऐनको नाम "प्रदेश विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन प्रदेश नं. २ भर सम्वत् २०७५ साल श्रावण १ गते देखी प्रारम्भ हुनेछ।

२. <u>आर्थिक वर्ष २०७५/०७६ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार:</u> आर्थिक वर्ष २०७५/०७६ को निमित्त अनुसूची -१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची -२ को महल २ मा उल्लेखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरूका निमित्त सोही अनुसूचीको महल ३ मा उल्लेखित चालु खर्च र महल ४ मा उल्लेखित पुँजीगत खर्चतर्फको रकम समेत गरी महल ६ मा उल्लेखित जम्मा रू .२९,७८,६९,३८,०००/०० (अक्षरेपी उनन्तीस अर्व अठहत्तर करोड उनन्सत्तरी लाख अड्तीस हजार मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. <u>विनियोजन :</u> (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त अनुसूची-२ को महल २ मा उल्लेखित निकायले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।





(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल २ मा उल्लेखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पूँजीगत खर्चतर्फका शीर्षकमा विनियोजित रकम पूँजीगत तर्फकै खर्च शीर्षकबाहेक चालु खर्च शीर्षकमा रकमान्तर गर्न सकिने छैन ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अर्थ विविध शीर्षकमा विनियोजन भएको रकम जुन जुन शीर्षकमा निकासा र खर्च हुने हो सोही शिर्षकमा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

(४) यो ऐनबमोजिम विनियोजित रकमको निकासा तथा खर्च व्यवस्थापन प्रदेश आर्थिक कार्यविधि ऐन बमोजिम हुनेछ ।

अनुसूची -१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम

रु .हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क.स | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | प्रदेश सभा (प्रदेश सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा) | १५१८.२७ | ० | ० | १५१८.२७ |
| | जम्मा | १५१८.२७ | ० | ० | १५१८.२७ |





अनुसूची -२

(दफा २ र ३ सँग सम्बन्धि)

प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम

रु .हजारमा

व्यय अनुमानको सारांश

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क. सं. | मन्त्रालय/ निकायहरुको नाम | चालु तर्फ | पूंजीगत तर्फ | वितिय व्यवस्था | कुल बजेट |
| १ | प्रदेश सभा सचिवालय - ७०२२११७०१ | ९३५०२३ | ६९५७० | | १००४५९३ |
| २ | मुख्य न्यायाधिवक्ता कार्यालय - ७०२२३१७०१ | २३३६६ | १२७५० | | ३६११६ |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - ७०२३११७०१ | १४४६४०३ | ७४३०० | | १५२०७०३ |
| ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय - ७०२३२१७०१ | २०२७४६ | १४४४२० | | ३४७१६६ |
| ५ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १३७७५६ | २३८१४३ | | ३७५८९९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - ७०२३३१७०१ | | | | |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - ७०२३४१७०१ | ७६०६८० | १५५१८९१ | | २३१२५७१ |
| ७ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - ७०२३५१७०१ | ८४१३७७ | २१४६०८१ | | २९८७४५८ |
| ८ | भौतिक पूर्वाधार विकास मन्त्रालय - ७०२३६१७०१ | ४४०४७९ | ९५०२५०४ | | ९९४२९८३ |
| ९ | सामाजिक विकास म न्त्रालय - ७०२३७१७०१ | २६८७७८३ | ३११८१० | | २९९९५९३ |
| १० | अर्थ विविध | | | | |
| | भैपरी आउने | ६९५०००० | ९०९८५७ | | ७८५९८५७ |
| | कुल जम्मा | १४४२५६१३ | १४९६१३२५ | | २९३८६९३८ |

प्रमाणिकरण मिति २०७५।३।२९

आज्ञाले,
जगदीश रेग्मी
सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३